आज मिति २०८२।०१।०९ गते मंगलबारका दिन यस खोटेहाङ गाउँपालिकाको १५६ औं कार्यपालिकाको बैठक अध्यक्ष श्री उदिम बहादुर राईज्यूको अध्यक्षतामा देहाय बमोजिमको सदस्यहरुको उपस्थितिमा बसि निम्न निर्णयहरु गरियो।

| हस्ताक्षर | पद | नाम थर | कैफियत |
|---|---|---|---|
| [signature] | गाउँकार्यपालिका अध्यक्ष | श्री उदिम बहादुर राई | |
| [signature] | गाउँकार्यपालिका उपाध्यक्ष | श्री रुपेश राई | |
| [signature] | वडा अध्यक्ष १ नं वडा | श्री धन ब. महाराजी | |
| [signature] | वडा अध्यक्ष २ नं वडा | श्री पारस राई | |
| [signature] | वडा अध्यक्ष ३ नं वडा | श्री जेफर राई | |
| [signature] | वडा अध्यक्ष ४ नं वडा | श्री तिलक बहादुर बस्नेत | |
| —— | वडा अध्यक्ष ५ नं वडा | श्री किरण राई | अनुपस्थित |
| [signature] | वडा अध्यक्ष ६ नं वडा | श्री बसन्त राई | |
| [signature] | वडा अध्यक्ष ७ नं वडा | श्री शिव प्रसाद फयल | |
| [signature] | वडा अध्यक्ष ८ नं वडा | श्री चन्द्र बहादुर थापा | |
| [signature] | वडा अध्यक्ष ९ नं वडा | श्री ईन्द्र बहादुर राई | |
| [signature] | कार्यपालिका सदस्य | श्री अन्जु राई | |
| —— | कार्यपालिका सदस्य | श्री कमला विश्वकर्मा | अनुपस्थित |
| —— | कार्यपालिका सदस्य | श्री मिनाकला राई | अनुपस्थित |
| [signature] | कार्यपालिका सदस्य | श्री सुशिला राई | |
| [signature] | कार्यपालिका सदस्य | श्री फुर्वा शेर्पा | |
| [signature] | कार्यपालिका सदस्य | श्री मान बहादुर वि.क. | |
| [signature] | सदस्य सचिव | श्री महेश राई | |

## मिति २०८२ वैशाख ९ गते कार्यपालिकाको १५६ औं बैठकको प्रस्तावहरु

१) समिक्षा सम्बन्धमा
२) प्रदेश समपुरक अनुदान माग गर्ने सम्बन्धमा
३) महिला जनप्रतिनिधि तथा आमा समूह क्षमता विकास तालीम सम्बन्धमा
४) भाषा मा.वि. ट्रस निर्माण योजना संशोधन सम्बन्धमा
५) सामाजिक सुरक्षा भत्ता रकम सम्बन्धमा
६) सामुदायिक विद्यालयको कक्षा थप/घट सम्बन्धमा
७) झोलुङ्गे पुल स्थानान्तरण सम्बन्धमा
८) विविध

**निर्णयहरुः**

**निर्णय नं.१:** प्रस्ताव नं. १ माथि छलफल गर्दा खोटेहाङ गाउँपालिका र शुभ एण्ड धुर्व अवाई श्याम जे.भी. दिक्तेलसँग खोटेहाङ गाउँपालिका वडा नं. ३ सावाखोलामा निर्माणधिन अवस्थामा रहेको सावाखोला मोटरेवल पुलको निर्माण कार्यमा ढिलाइसुस्ती भइरहेको र चालू आ.व. २०८१।८२ को असार मसान्तसम्ममा पनि तोकिएको तालीका बमोजिम निर्माण कार्य गर्न नसकेमा संघीय समपुरक अनुदान फिर्ता गइ पालिकालाई ठूलो आर्थिक क्षति हुने भएकोले तत्कालै निर्माण कम्पनीलाई निर्माण कार्य तोकिएको कार्यसम्पादन तालीका बमोजिम अगाडि बढाउन ताकेता गर्ने निर्णय सर्वसम्मतबाट पारित गरियो।

**निर्णय नं.२:** प्रस्ताव नं. २ माथि छलफल गर्दा आर्थिक मामिला तथा योजना मन्त्रालय, कोशी प्रदेश, विराटनगरको मिति २०८१।१२।२१ को सूचनाबाट आ.व. २०८१।८२ को लागि प्रदेश समपुरक अनुदान अन्तर्गत स्थानीय तहमा संचालन गरिने आयोजना/कार्यक्रमहरुको लागि प्रस्ताव आह्वान गर्न सूचना सम्प्रेषण गरिएकोमा यस खोटेहाङ गाउँपालिका भित्र संचालन गरिने देहाय बमोजिमका आयोजना/कार्यक्रमहरु प्रदेश समपुरक अनुदानको रुपमा कोशी प्रदेश सरकारमा माग गर्ने निर्णय सर्वसम्मतले पारित गरियो।

**प्रदेश समपुरक अनुदान मागको लागि आयोजना/कार्यक्रमहरुको प्रस्ताव**

१. पालिका केन्द्र खोटाङबजारबाट एयरपोर्ट हुँदै रोक्सिमभन्ज्याङ टुवाखोला हुँदै दिप्रुङ चुइचुम्मा गाउँपालिका जोड्ने सडक
२. ८ नं. वडा सिम्पानीबाट बर्रे, धनमुढा, पालिकाको केन्द्र खोटाङ बजार हुँदै जन्तेढुङ्गा गाउँपालिका जोड्ने सडक

**निर्णय नं.३:** प्रस्ताव नं. ३ माथि छलफल गर्दा खोटेहाङ गाउँपालिमा भित्रका महिला जनप्रतिनिधि तथा विभिन्न आमा समूहमा आबद्व रहनु भइरहेका महिला व्यक्तित्वहरुलाई क्षमता विकास तालीम यही मिति २०८२ बैशाख १८, १९ र २० गते गरी ३ दिन खोटेहाङ गाउँ कार्यपालिकाको कार्यालयमा संचालन गर्ने निर्णय सर्वसम्मतले पारित गरियो!

**निर्णय नं.४:** प्रस्ताव नं. ४ माथि छलफल गर्दा खोटेहाङ गाउँपालिकाको आ.व. २०८१।८२ मा पालिकास्तरीय योजनाको लागि विनियोजित बजेट मध्ये ***भाषा मा.वि. ट्रस निर्माण*** योजनामा विनियोजित रु. ५,००,०००।– (अक्षरुपी पाँच लाख रुपैंया मात्र) लाई ***भाषा मा.वि. भवन निर्माण*** योजनामा कार्यक्रम संशोधन कार्यपालिकाको बैठकबाट सर्वसम्मतले पारित गरि अनुमोदनका लागि आगामी गाउँसभामा पेश गर्ने निर्णय गरियो।

**निर्णय नं.५: प्रस्ताव नं. ५** माथि छलफल गर्दा खोटेहाङ गाउँपालिकाबाट प्रवाह गर्दै आइरहेको सामाजिक सुरक्षा भत्ता अन्तर्गतको विभिन्न शिर्षकको रकमहरु समयमै बैंक मार्फत निज लाभग्राहीहरुको खातामा जम्मा गरी वितरण गरिएकोमा उक्त खातामा निकासा भएको रकम सम्बन्धित लाभग्राहीले बैंक मार्फत भुक्तानी लिनुपर्नेमा हालसम्म पनि केही लाभग्राहीहरु बैंकको सम्पर्कमा नआएको, बैंकमा रहेको खाताको KYC अपडेट नगर्नुका साथै विभिन्न आर्थिक वर्षमा निकासा भएको रकम समेत खाताबाट नझिकेको हुनाले त्यस्ता लाभग्राहीहरुको खातामा जम्मा भइरहेको सा.सु. भत्ता बापतको रकम सम्बन्धित निकायमा फिर्ता गर्ने सम्बन्धमा खोटेहाङ गाउँपालिका भरिका ९ वटै वडा कार्यालयहरुलाई यथाशिघ्र उक्त लाभग्राहीहरुको विवरण पठाइ छानविन गर्न लगाइ वास्तविक रकम फिर्ता गर्नुपर्ने लाभग्राहीहरुको नामावली यस पालिकाको पञ्जिकरणमा शाखामा पठाउन हुन पत्राचार गर्ने भन्ने निर्णय सर्वसम्मतबाट पारित गरियो।

**निर्णय नं.६: प्रस्ताव नं. ६** माथि छलफल गर्दा खोटेहाङ गाउँपालिका भित्र संचालन विभिन्न सामुदायिक विद्यालयहरुमा विद्यार्थी संख्या न्यून रही कक्षा संचालन गर्न समेत बाधा पुगेकाले देहाय बमोजिमका विद्यालयहरुको कक्षा घटाउने निर्णय सर्वसम्मतबाट पारित गरियो।

| **क्र.सं.** | **विद्यालयको नाम र ठेगाना** | **हालको संचालन कक्षा** | **कायम हुने कक्षा१** |
|---|---|---|---|
| १ | श्री पञ्च आधारभुत विद्यालय, खोटेहाङ गा.पा. वडा नं. १, अँधेरी | कक्षा १ देखि ५ सम्म | कक्षा १ देखि ३ सम्म |
| २ | श्री भानु आधारभुत विद्यालय, खोटेहाङ गा.पा. वडा नं. ७, दितलब | कक्षा १ देखि ३ सम्म | कक्षा १ देखि २ सम्म |

**निर्णय नं.७: प्रस्ताव नं. ७** माथि छलफल गर्दा भौतिक पूर्वाधार विकास मन्त्रालय, कोशी प्रदेश, विराटनगरको मिति २०८२।०१।०३ गतेको पत्रको सम्बन्धमा खोटेहाङ गाउँपालिकाको वडा नं. ९ मा निर्माण गरिएको तुवा खोला दोभान झोलुङ्गे पुललाई स्थानान्तरण गरी सोही ९ नं. वडाको सिम्लेखेत र दिप्रुङ चुइचुम्मा गाउँपालिका ४ नं. वडाको बगर खेतमा निर्माण गर्ने गरी भौतिक पूर्वाधार विकास मन्त्रालयलाई पत्राचार गर्ने निर्णय सर्वसम्मतबाट पारित गरियो।

**निर्णय नं.८: प्रस्ताव नं. ८** को विविध सम्बन्धमा छलफल र निर्णय गर्नुपर्ने कुनै विषय नभएकोले आजको बैठक यही समापन गरियो।